# धितोपत्र निष्काशन तथा बाँडफाँड (आठौं संशोधन) निर्देशिका, २०८१

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "धितोपत्र निष्काशन तथा बाँडफाँड (आठौं संशोधन) निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा परिच्छेद-२क. थपः** धितोपत्र बाँडफाँड तथा निष्काशन निर्देशिका, २०७४ को दफा ११ पछि देहायको परिच्छेद-२क. थपिएको छः-

**"परिच्छेद-२क.**

**संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशन तथा कारोबार सम्बन्धी विशेष व्यवस्था**

**११क.** **संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशनः** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले शेयर जारी गर्न चाहेमा ऐन, नियमावली तथा यस परिच्छेद बमोजिमको प्रक्रिया पूरा गरी शेयर निष्काशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयर निष्काशन गर्दा संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम जारी पूँजीको दश प्रतिशतभन्दा घटी र उनन्चास प्रतिशतभन्दा बढी नहुने गरी नियमावलीको नियम ४१ख. बमोजिम गैरआवासीय नेपालीको लागि मात्र शेयरको निष्काशन गर्नु पर्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनको लागि,-

(क) "गैरआवासीय नेपाली" भन्नाले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका विदेशी मुलुकको नागरिकता वा त्यस्तो विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैरआवासीय नेपाली सम्झनु पर्छ ।

(ख) "संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनी" भन्नाले नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनी सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिम निष्काशन गरिने शेयर गैरआवासीय नेपालीले मात्र खरिद गर्न सक्नेछ ।

(४) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले प्रिमियम थप गरी शेयर निष्काशन गर्न सक्ने छैन ।

**११ख. <u>संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर दर्ता</u>:** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशन गर्नु पूर्व शेयर बोर्डमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयर दर्ता गर्नको लागि नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचामा देहायका विवरण तथा अधिकारप्राप्त व्यक्तिले प्रमाणित गरेका कागजातका प्रतिलिपि सहित बोर्डमा निवेदन दिनु पर्नेछः–

(क) कम्पनी दर्ता प्रमाणपत्र,

(ख) कम्पनीको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ग) कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन,

(घ) कम्पनीको शेयर दर्ता गराउने सम्बन्धमा भएको सञ्चालक समितिको निर्णय र सो सम्बन्धी कार्य गर्नको लागि दिइएको अख्तियारी ।

(ङ) विदेशी लगानी स्वीकृतिको पत्र।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न विवरण तथा कागजातका सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा आवश्यक देखेमा बोर्डले निवेदक कम्पनीबाट थप विवरण वा कागजात माग गर्न वा कुनै कुरा स्पष्ट गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गर्दा त्यस्तो निवेदक कम्पनीको शेयर दर्ता गर्न उपयुक्त देखिएमा बोर्डले सात कार्यदिनभित्र नियमावली बमोजिमको दर्ता दस्तुर बुझाउन निवेदक कम्पनीलाई सूचित गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचना प्राप्त भएपछि निवेदक कम्पनीले दर्ता दस्तुर बोर्डको खातामा जम्मा गरेको बैंक भौचर बोर्डमा बुझाउनु पर्नेछ ।

(७) निवेदक कम्पनीले उपदफा (६) बमोजिम दर्ता दस्तुर बुझाएको सात कार्य दिनभित्र बोर्डले शेयर दर्ता गरी सोको जानकारी निवेदक कम्पनीलाई दिनेछ ।

**११ग. <u>विवरणपत्र स्वीकृतिको लागि निवेदन दिनु पर्ने</u>**: (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले निष्काशन गर्ने शेयरका सम्बन्धमा नियमावलीको अनुसूची-५ बमोजिमको ढाँचामा विवरणपत्र तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरेको विवरणपत्र स्वीकृतिको लागि प्रशोधन शुल्क बापत पच्चीस हजार रुपैयाँ बोर्डलाई बुझाएको भौचर संलग्न गरी नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन र विवरणपत्रका साथ देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः–

(क) कम्पनी सम्बन्धी प्रचलित कानून बमोजिम संस्थापित संगठित संस्था भए सो संगठित संस्थाको अद्यावधिक प्रबन्धपत्र र नियमावली,

(ख) शेयर निष्काशन गर्ने सम्बन्धमा संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकबिच भएको सम्झौताको प्रतिलिपि,

(ग) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको पुँजी संरचना प्रमाणित गर्ने विवरण,

(घ) प्रस्तावित विवरणपत्र व्यावसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धमा ऐन, नियमावली तथा ऐन अन्तर्गत बनेका अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्‌घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धकले दिएको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट),

(ङ) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको सम्पूर्ण सञ्चालकले सहीछाप गरेको दुई प्रति विवरणपत्र र सोको विद्युतीय प्रति,

(च) कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदन,

(छ) अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्थाबाट प्राप्त क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण,

(ज) स्वीकृत विदेशी लगानीको विवरण ।

(४) यस दफा बमोजिम तयार गरिने विवरणपत्र नेपाली भाषाको अतिरिक्त अंग्रेजी भाषामा समेत तयार गर्न सकिनेछ ।

**११घ. विवरणपत्रको जाँचबुझः** (१) दफा ११ग. बमोजिम स्वीकृतिको लागि बोर्ड समक्ष पेश हुन आएको विवरणपत्रको सम्बन्धमा बोर्डले आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा विवरणपत्रमा समावेश गर्नुपर्ने कुनै कुरा छुट भएको देखिएमा बोर्डले त्यस्तो कुरा समावेश गर्न वा विवरणपत्रमा थपघट गर्न आवश्यक देखेमा निवेदक कम्पनीलाई निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिम बोर्डले दिएको निर्देशन बमोजिम विवरणपत्रमा संशोधन वा थपघट गरी निवेदक कम्पनीले बोर्ड समक्ष पेस गर्नु पर्नेछ ।

**११ङ. विवरणपत्रको स्वीकृति र प्रकाशन:** (१) दफा ११ग. बमोजिम प्राप्त निवेदन साथ पेस भएको विवरणपत्र सम्बन्धमा जाँचबुझ गर्दा विवरणपत्र उपयुक्त देखिएमा सात कार्य दिनभित्र बोर्डले त्यस्तो विवरणपत्र प्रकाशन गर्न स्वीकृति प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत विवरणपत्र प्रचलित कानून बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरी लगानीकर्ताको जानकारीको लागि निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटमा राख्नु पर्नेछ ।

(३) बोर्डबाट स्वीकृत विवरणपत्रमा उल्लिखित विवरण तथा जानकारीमा लगानीकर्ताको निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन नभएसम्मका लागि मात्र स्वीकृत विवरणपत्र मान्य हुनेछ ।

(४) शेयर निष्काशनको लागि बिक्री खुला भएको अवधिमा भवितव्य वा अन्य कुनै कारणबाट स्वीकृत विवरणपत्रमा उल्लिखित विवरणमा तात्विक असर पर्ने गरी परिवर्तन भएमा सम्बन्धित शेयरको लागि आवेदन लिने कार्य स्थगन गरी त्यस्तो घटना र सोबाट परेको प्रभाव तथा परिवर्तन सम्बन्धी विवरण सम्बन्धित लगानीकर्ताको जानकारीको लागि निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ र सो कुराको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

**११च. निष्काशन खुला रहने अवधि:** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको निष्काशन गरिने शेयरको दरखास्त खुला रहने अवधि कम्तीमा चार कार्य दिन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निष्काशन गरिएको सबै शेयर बिक्री नभएमा कम्पनीले त्यस्तो दरखास्त खुला भएको मितिले बढीमा पन्ध्र दिनका लागि शेयरको दरखास्त खुला राख्न सक्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**११छ. आव्हानपत्र प्रकाशन गर्नुपर्ने:** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको निष्काशन गरिने शेयरको बिक्री खुला गरिने दिनभन्दा कम्तीमा सात कार्य दिन अगाडि नियमावलीको अनुसूची-८ बमोजिमको विवरण खुलाई सम्बन्धित सबैको जानकारीको लागि आव्हानपत्र राष्ट्रिय दैनिक पत्रिका र निष्काशनकर्ता कम्पनीको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी बोर्डलाई गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिने आव्हानपत्र वा निष्काशन सम्बन्धी कुनै सूचनाको बारेमा सो सूचना प्रकाशन गरिने मितिभन्दा कम्तीमा एक कार्य दिन अगाडि बोर्डलाई जानकारी गराउनु पर्नेछ ।

**११ज. <u>अभौतिकीकरणका लागि निवेदन दिनु पर्ने</u>:** शेयर बाँडफाँड भएको सात कार्य दिनभित्र संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले आवश्यक कागजात संलग्न गरी आफ्नो शेयरको अभौतिकीकरणका लागि अनुमतिपत्र प्राप्त केन्द्रीय निक्षेप कम्पनीमा निवेदन दिनु पर्नेछ र सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

**११झ. <u>दरखास्त दिने शेयर सङ्ख्या र रकम</u>:** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको निष्काशन गरिने शेयरको दरखास्त दिन सकिने न्यूनतम सीमा एक हजार कित्ता र अधिकतम सोको गुणांकमा हुने गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशनको लागि दरखास्त दिन सकिने अधिकतम सीमा विवरणपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर खरिदको लागि दरखास्त आह्वान गर्दा प्रति शेयर अङ्कित मूल्यको शत प्रतिशत बराबरको रकम दरखास्त साथ माग गर्नु पर्नेछ ।

**११ञ. <u>शेयर आवेदन सम्बन्धी व्यवस्था</u>:** (१) यस परिच्छेद बमोजिम निष्काशित शेयरमा आवेदन दिनका लागि आवेदकको धितोपत्र खरिद दरखास्त संकलन सम्बन्धी कार्य गर्न आश्वा अनुमति प्राप्त कुनै बैंक तथा वित्तीय संस्थामा विदेशी लगानी सम्बन्धी प्रचलित कानूनी व्यवस्था पूरा गरी आफ्नो नाममा गैर अवासीय नेपालीको नेपाली रुपैयाँको बैंक खाता हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन दिँदा आवेदनका साथ कारोवार गर्ने बैंक खाता सम्बन्धी विवरण खुलाउनु पर्नेछ ।

(३) सम्बन्धित आश्वा अनुमति प्राप्त बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको लगानीकर्ताको खातामा रहेको रकममध्ये निजले आवेदनमा माग गरे बमोजिमको धितोपत्र खरिदको लागि लाग्ने रकम धितोपत्रको बाँडफाँट (शेयर एलटमेन्ट) कार्य सम्पन्न नभएसम्म झिक्न नपाउने गरी तुरुन्त रोक्का राख्नु पर्नेछ ।

(४) आवेदकले आवेदन साथ सम्बन्धित विदेशी मुलुकको नागरिकता वा राहदानी वा त्यस्तो विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र र गैर आवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र पेस गर्नुपर्नेछ ।

(५) गैरआवासीय नेपालीको लागि हितग्राही खाता खोल्दा निक्षेप सदस्यले विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछ ।

(६) आश्वा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाले गैरआवासीय नेपालीका लागि विद्युतीय माध्यमबाट शेयर आवेदन दिने व्यवस्था गर्न सक्नेछ ।

(७) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशनका लागि आवेदन दिने सम्बन्धी अन्य व्यवस्था धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

(८) यस परिच्छेद बमोजिम शेयर खरिद गर्न गैर आवासीय नेपालीले खोल्ने खातामा प्रचलित कानूनको रीत पुर्‍याई प्राप्त हुने विदेशी मुद्रा, विनिमय दर लगायतका नेपाल राष्ट्र बैंकले तोके बमोजिमका विवरण सम्बन्धित आश्वा अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाले अद्यावधिक गरी राख्नुपर्नेछ ।

**११ट. शेयर बाँडफाँट सम्बन्धी व्यवस्थाः** (१) दफा ११ञ. बमोजिम आवेदन गरेको शेयरको बाँडफाँट प्रक्रिया दफा ११झ. को अधीनमा रही दफा ३० बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित शेयरमध्ये पचास प्रतिशतभन्दा कमका लागि आवेदन परेमा त्यस्तो निष्काशन प्रक्रिया रद्द गरी सम्बन्धित आवेदकको रकम फुकुवा गर्नु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम निष्काशित शेयरका लागि पचास प्रतिशतभन्दा बढी र शत प्रतिशतभन्दा कमका लागि आवेदन परी शेयर बाँडफाँट भएकोमा आवेदन नपरी बाँकी रहन गएको शेयर तत्काल कायम रहेका शेयरधनीले खरिद गर्न चाहेमा खरिद गर्न सक्नेछन् र त्यसरी शेयरधनीले खरिद नगरेमा प्रचलित कम्पनी ऐन बमोजिम पूँजी संरचनामा हेरफेर गरी शेयर पूँजी समायोजन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम बाँडफाँट भएको शेयर बापतको रकम सम्बन्धित आवेदकको खाताबाट निष्काशनकर्ता कम्पनीलाई भुक्तानी गर्ने व्यवस्था निष्काशन तथा विक्री प्रबन्धकले गर्नु पर्नेछ ।

**११ठ. दरखास्त फारममा खुलाउनु पर्ने न्यूनतम विवरणः** संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशनका क्रममा शेयर खरिदका लागि दिइने दरखास्त फाराममा देहायको विवरण खुलाएको हुनु पर्नेछः-

(क) आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा),

(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,

(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम,

(घ) आवेदकको स्थायी ठेगाना,

(ङ) आवेदकको सम्पर्क ठेगाना, इमेल ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,

(च) आवेदकको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,

(छ) आवेदकको स्थायी लेखा नम्बर,

(ज) हितग्राही खाता नम्बर,

(झ) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो बापत जम्मा गरेको रकम,

(ञ) इच्छाइएको व्यक्तिको विवरण,

(ट) आवेदन फाराम रद्द हुन सक्ने कारण सम्बन्धी जानकारी,

(ठ) विदेशी मुलुकको नागरिकता वा राहदानी वा त्यस्तो विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र (नवीकरण गर्नुपर्ने भएमा सोको अवधि कायम रहेको) नम्बर तथा विदेशी मुलुकको नाम,

(ड) गैर आवासीय नेपाली नागरिकता वा गैरआवासीय नेपाली परिचयपत्र (नवीकरण गर्नुपर्ने भएमा सोको अवधि कायम रहेको) नम्बर,

(ढ) आवेदन फाराम बुझाएको मिति,

(ण) निष्काशनकर्ता कम्पनी सम्बन्धी संक्षिप्त जानकारी,

(त) लगानी रकमको स्रोतको स्वःघोषणा,

(थ) आवेदकको हस्ताक्षर ।

**११ड.** **कारोबार सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेद बमोजिम संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले निष्काशन गरेको शेयरको कारोबार प्रणाली धितोपत्र बजारले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शेयर कारोबार गर्दा कारोबार इकाई न्यूनतम एक हजार कित्ता हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम शेयर कारोबार गर्दा खरिदकर्ता तथा बिक्रीकर्ताले दफा ११ञ. को उपदफा (१) बमोजिमको खाता मार्फत कारोवार गर्नु पर्नेछ ।

(४) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयरको कारोबार गैरआवासीय नेपालीबिच मात्र हुनेछ ।

**११ढ.** **खरिद बिक्री बन्देज सम्बन्धी व्यवस्थाः** संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीले निष्काशन गरेको शेयर बाडँफाँड भएको मितिले एक वर्षको अवधि पूरा नभई खरिद बिक्री गर्न पाइने छैन ।

तर संस्थापक शेयरको हकमा नियमावलीको नियम ३८ को उपनियम (१) बमोजिम हुनेछ ।

**११ण.** **हकप्रद शेयरको हक हस्तान्तरणः** (१) संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयरधनीको हकप्रद शेयरको हक हस्तान्तरण गर्नुपर्ने भएमा गैरआवासीय नेपालीबिच मात्र हक हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हक हस्तान्तरण गर्दा शेयरको खरिद बिक्री बन्देज अवधि (लकइन पिरियड) नसकिएको भएमा हस्तान्तरण भई जाने शेयर समेत लकइनमा नै रहनेछ ।

**११त. <u>धितोपत्र प्रत्याभूति सम्बन्धी व्यवस्था लागु नहुने</u>:** यस परिच्छेद बमोजिम धितोपत्र निष्काशन गर्दा शेयरको प्रत्याभूति सम्बन्धी व्यवस्था लागु हुने छैन ।

**११थ. <u>विदेशी लगानी तथा रकम फिर्ता सम्बन्धी विशेष व्यवस्था</u>:** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको लगानी, लेखांकन, भुक्तानी र रकम फिर्ता (रिप्याट्रियशन) सम्बन्धी व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७, औद्योगिक व्यवसाय ऐन, २०७६, नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ र नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम हुनेछ ।

**११द. <u>शेयर निष्काशन तथा अन्य व्यवस्था</u>:** संयुक्त लगानीको इन्भेष्टमेन्ट कम्पनीको शेयर निष्काशन, बाँडफाँट, कारोबार लगायत अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।”